फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश,नेपाल

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अ:- ९८५२०८०६००

मितिः–२०७६/०१/१२

प.स.२०७५/०७६
च.नं.१०१५

फेदाप गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोक्लवाङ, तेह्रथुम १ नं. प्रदेश नेपाल

**विषयः सुचना टाँस गरी सो को जानकारी गराउनु हुन।**

श्री सम्पूर्ण वडा कार्यालयहरू
फेदाप गाउँपालिका

प्रस्तुत विषयमा यस गाउँपालिकाको पशुसेवा शाखामा करारमा एक जना कार्यालय सहयोगी पदपूर्ति गर्ने सम्बन्धी विज्ञापन यसै पत्रसाथ संलग्न राखी पठाईएको छ , सो विज्ञापन तँहा वडा कार्यालयको सुचना पाटीमा टाँस गरी सो को जानकारी गराउनु हुन अनुरोध छ ।

............................................
सुमन लिङ्देन लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः
सुचना प्रविधि अधिकृत ज्यू, ( यस गाउँपालिकाको फेसवुक पेज र वेभसाईटमा राखिदिनु हुन ।)

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००

# फेदाप गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पोक्लवाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

## कार्यालय सहयोगी सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७६।०१।१२ गते)**

फेदाप गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको मिति २०७५/१२/२० गतेको निर्णयानुसार यस गाउँपालिकाको पशुसेवा शाखामा तपशिलको विज्ञापनमा उल्लिखित पदहरुमा सेवा करारमा कार्यालय सहयोगी पदपुर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट आवेदनको लागि दरखास्त आह्वान गरिएको छ।म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

| क सं | विज्ञापन नम्बर | पद | पद संख्या | काम गर्नु पर्ने कार्यालय |
|---|---|---|---|---|
| १ | १०/२०७५-७६ | कार्यालय सहयोगी (करार) | १ | फेदाप गाउँपालिका |

१. **दरखास्त दिने अन्तिम मितिः-** मिति २०७६/०१/१८ गते कार्यालय समय भित्र (सूचना प्रकाशित भएको मितिले सात दिन भित्र) (अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा सो को भोलिपल्ट)

२. **दरखास्त फारम पाउने स्थानः** फेदाप गाउँ कार्यपालिकाको कार्यालय, पोक्लवाङ, तेह्रथुम वा यस गाउँपालिकाको वेवसाईट http://www.phedapmun.gov.np बाट Download गर्न सकिनेछ ।

३. **शैक्षिक योग्यताः** साधारण लेखपढ गर्न जान्ने ।

४. **संलग्न गर्नु पर्ने कागजातहरुः** नेपाली नागरिकताको प्रमाणपत्र, कार्यानुभव,सवारी लाईसेन्स भए सोको प्रमाणपत्र, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ।

५. **दरखास्त दिने तरिकाः** बुँदा नं. ४ मा उल्लिखित कागजातहरु स्वयं प्रमाणित गरी एवं. बुँदा नं. ६ मा तोकिएको दस्तुर यस गाउँपालिकाको आर्थिक प्रशासन शाखा वा नेपाल बैंक लिमिटेड, तेह्रथुममा रहेको संचित कोष खाता नं. ०५४०३०००००००४००१०१२ मा जम्मा गरी सक्कल भौचर साथ रीतपुर्वकको आवेदन फारम भरी हुलाक, इ-मेल मार्फत वा स्वयं उपस्थित भई आवेदन दिनुपर्नेछ । अन्तर्वार्ताको दिन सबै प्रमाणपत्रहरुहरुको सक्कलै प्रति लिई उपस्थित हुनुपर्नेछ ।

६. **दस्तुरः** रु. ४००।– (चार सय मात्र)

७. **करार अवधिः** २०७६ असार मसान्त सम्म (आवश्यकता र कार्यसम्पादन अनुसार थप हुन सक्ने)

८. **तलव सुविधाः** करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

९. **उम्मेदवारको उमेर हदः** दरखास्त दिने अन्तिम मिति सम्ममा १८-४० वर्ष ननाघेको हुनुपर्नेछ ।

१०. **परिक्षण पद्धतिः**

| क.सं. | सुचकहरु | पूर्णाङ्क |
|---|---|---|
| १ | उम्मेदवारको स्थायी ठेगाना | ४० |
| २ | अनुभव | ३० |
| ३ | उमेर | २० |
| ४ | सवारी चालक अनुमति पत्र | १० |
| ५ | प्रयोगात्मक परीक्षा | २० |
| ६ | अन्तर्वार्ता | ३० |

(नोट माथि उल्लिखित क.सं. १,२,३ र ४ मा उल्लिखित सूचकहरुको कुल प्राप्ताङ्कको ४० प्रतिशत अंक प्राप्त गर्ने उम्मेदवारहरुलाई मात्र छोटो सूची (Short List) मा समावेश गरी प्रयोगात्मक र अन्तरवार्ता परीक्षामा सम्मिलित गराइनेछ ।

११. **थप जानकारीका लागिः-** सम्पर्क नं. ९८५२०८०६००, ९८६२०४८२०१ र ९८४२१०७९७७ र इमेलः fedap.ruralmun@gmail.com

१२. **नोटः** यस सूचनामा उल्लेख भए बाहेकका विषयहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको कार्यालय सहयोगी पदपुर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१/१२

संयोजक
कार्यालय सहयोगी पदपुर्ति समिति

प्रमुख प्रशासकीय अधिकृत